अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०८।०८ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला प्यूठान, ढुंगेगढी, गा.वि.स. वडा नं.-४ घर भई हाल जिल्ला प्यूठान, सरूमारानी गाउँपालिका, वडा नं.-४ बस्ने भोज बाबु सोमै मगरले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी रूम्जाटार माध्यमिक विद्यालय, ओखलढुङ्गामा करिब २ वर्ष प्राविधिक शिक्षकको रूपमा करार सेवामा रहेको र त्यसपछि सो विद्यालय छाडी नेपाल सरकार खानेपानी मन्त्रालय संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, बुटवलमा समेत सव-इन्जिनियर पद (करार) मा जागिर खाएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज भोज बाबु सोमै मगरले रूम्जाटार माध्यमिक विद्यालय, रूम्जाटार ओखलढुङ्गामा सहायक प्रशिक्षक र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बुटवलमा सव-इन्जिनियर पदमा नियुक्तिको लागि Diploma in Civil Engineering तहको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुरसमेतबाट जारी भएको देखिने झुट्टा तथा नक्कली प्रमाणपत्रहरू पेस गरी सार्वजनिक पद, ओहदा, लाभ र सुविधा प्राप्त गरेको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने